## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,

# उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिने तथा उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभुत तह (CAP-I), मध्यम तह (CAP-II), अन्तिम तह (CAP-III) तथा चार्टर्ड एकाउन्टेन्ट सदस्यता, दर्तावाला लेखापरीक्षक सदस्यको बर्गबृद्धि परीक्षा र लेखा प्राबिधिज्ञ परीक्षाका परीक्षार्थीहरुले आफुले तत्कालै दिएको परीक्षामा प्राप्त प्राप्ताङ्कमा चित्त नबुझेमा निजले चाहेमा निज सामेल भएको परीक्षाको उत्तरपुस्तिकाको छायाप्रति निजलाई हेर्न दिने तथा उत्तरपुस्तीकाको प्रमाणित प्रति उपलव्ध गराउने र सो सम्बन्धी व्यवस्था गर्न बाञ्छनीय हुने देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) बमोजिम परिषदको मिति २०७६ फागुन १६ गते को २४२औ बैठकले यो कार्यविधि पारित गरि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम **उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिने तथा उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७६** रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ‘ऐन’ भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनुपर्छ ।

(ख) ‘नियमावली’ भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनुपर्छ ।

(ग) ‘संस्था’ भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।

(घ) ‘परिषद’ भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनुपर्छ ।

(ङ) परीक्षा समिति भन्नाले नियमावलीको नियम ६९ बमोजिम गठन भएको परीक्षा समिति वा लेखा प्राबिधिज्ञको हकमा लेखा प्राबिधिज्ञ बिनियमावली, २०६७ को बिनियम ५६ बमोजिम गठन भएको लेखा प्राबिधिज्ञ परीक्षा समिति सम्झनुपर्छ ।

(च) परीक्षा विभाग भन्नाले संस्थाको परीक्षा विभागलाई सम्झनुपर्छ ।

(छ) 'कार्यविधि' भन्नाले **उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिने तथा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६** सम्झनुपर्छ ।

(ज)उत्तरपुस्तिकाको छाँयाप्रति भन्नाले परीक्षा बिभाग प्रमुख वा परीक्षामा कार्यरत अधिकृतले प्रमाणित गरेको सम्बन्धित उत्तरपुस्तिकाको पहिलो पेज बाहेकको फोटोकपी (छाँयाप्रति) सम्झनु पर्नेछ ।

## ३. उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिने तथा उपलब्ध गराउने उपसमिति

(१) यस कार्यविधि बमोजिम उत्तरपुस्तिकाको छायाप्रति हेर्न वा प्राप्त गर्नको लागि प्राप्त हुने निवेदनको कारवाही किनारा परीक्षा समितिद्वारा देहाय बमोजिम गठन गरिने उपसमितिले गर्नेछ ।

(क) परीक्षा समितिको सदस्य - संयोजक

(ख) परीक्षा बिभाग प्रमुख - सदस्य

(ग) परीक्षा समितिले तोकेको बिषय बिशेषज्ञ - सदस्य

(घ) परीक्षा बिभागको अधिकृत स्तरको कर्मचारी - सचिव

(२) उपकार्यविधि (१) बमोजिम गठित उपसमितिका सदस्यले समितिका सदस्य सरह बैठक भत्ता पाउनेछन ।

(३) उपकार्यविधि (१) बमोजिम गठित उपसमितिले उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिने वा उपलब्ध गराउने सम्बन्धमा अन्य आवश्यक कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

## ४. उत्तरपुस्तिकाको छाँयाप्रति हेर्नको लागि निवेदन दिनु पर्ने

(१) संस्थाले नियमावलीको नियम १७(१) बमोजिम प्रकाशन गरेको नतिजामा प्राप्त प्राप्ताङ्कमा चित्त नबुझ्ने परीक्षार्थीले नियमावलीको नियम १७(३) बमोजिम पुनर्योगका लागि संस्थामा निवेदन दिई नियमावलीको नियम १७(४) बमोजिमको पुनर्योगको नतिजामा चित्त नबुझेमा वा लेखा प्राबिधिज्ञको हकमा लेखा प्राबिधिज्ञ बिनियमावली, २०६७ को बिनियम १७(१) बमोजिम प्रकाशन गरेको नतिजामा प्राप्त प्राप्ताङ्कमा चित्त नबुझ्ने परीक्षार्थीले बिनियमावलीको बिनियम १७(३) बमोजिम पुनर्योगका लागि संस्थामा निवेदन दिई बिनियमावलीको बिनियम १७(४) बमोजिमको पुनर्योगको नतिजामा चित्त नबुझेमा वा बर्गबृद्धिको हकमा बर्गबृद्धि कायबिधि, २०६२ को दफा १६(१) बमोजिम प्रकाशन गरेको नतिजामा प्राप्त प्राप्ताङ्कमा चित्त नबुझ्ने परीक्षार्थीले बिनियमावलीको दफा १६(२) बमोजिम पुनर्योगका लागि संस्थामा निवेदन दिई बिनियमावलीको

बिनियम १६(३) बमोजिमको पुनर्योगको नतिजामा चित्त नबुझेमा सो बिषयको उत्तरपुस्तीकाको छाँयाप्रति हेर्न पुनर्योगको नतिजा प्रकाशित गरेको मितिले १५ दिन भित्र देहाय बमोजिमको विवरण, कागजातहरु तथा शुल्क संलग्न गरि आफु स्वयं उपस्थित भई अनुसुचि १ बमोजिम परीक्षा विभागमा निवेदन दिनु पर्नेछ ।

(क) परीक्षा प्रबेशपत्रको सक्कल प्रति वा परीक्षा बिभागबाट जारी भएको प्रतिलिपी प्रबेशपत्र ।

(ख) नागरिकता सक्कलै प्रमाणपत्र ।

(ग) कार्यविधि १२ मा तोकिएको शुल्क ।

**५. उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न दिनुपर्ने**

(क) उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न कार्यविधि ४ बमोजिम निवेदन प्राप्त भएमा परिक्षा विभागले परीक्षक तथा स्क्रुटीनाइजरको परिचय नखुल्ने गरी कार्यविधि ३ बमोजिमको उपसमितिको रोहबरमा संस्थाको केन्द्रिय कार्यालयमा हेर्न दिनु पर्नेछ ।

**६. उत्तरपुस्तीकाको छाँयाप्रति हेर्दा परीक्षार्थीले पालना गर्नु पर्ने आचरण तथा शर्तहरु**

(क) उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न निवेदन दिने परीक्षार्थीले छाँयाप्रति हेर्ने स्थानमा मोबाइल क्यामेरा, ल्यापटप लगायत कुनै पनि बिद्युतिय वा अन्य उपकरण, सामाग्री लैजान पाइने छैन ।

(ख) उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न निवेदन दिने परीक्षार्थीले आफुले निवेदन दिएका बिषयको मात्र उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न पाउनेछ ।

(ग) उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न निवेदन दिने परीक्षार्थीलाई उत्तरपुस्तीका कुनै पनि तवरले लैजान दिइने छैन ।

(घ) उत्तरपुस्तिकाको पुनः परीक्षण गर्न वा गराउन पाईने छैन र परीक्षक तथा स्क्रुटीनाइजरको नाम हेर्न वा माग्न पाईने छैन ।

(ङ) उत्तरपुस्तिका छाँयाप्रतिमा प्रदान गरिएको अंकलाई सार्वजनिकरण गर्न वा अन्य परीक्षार्थीसंग तुलना गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा वा अन्य निकायमा उजुरी गर्न पाइने छैन ।

(च) यस संस्थाले तोकेका कबुलियतनामामा हस्ताक्षर गरेपछि मात्र निवेदक परीक्षार्थीलाई यस कार्यविधि बमोजिम उत्तरपुस्तिका हेर्न दिइनेछ ।

(छ) उत्तरपुस्तीका हेर्न वढीमा आधा घण्टाको लागि मात्र समय उपलव्ध गराइनेछ ।

**७. उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न नदिइने अवस्थाहरु**

(१) देहायको अवस्थामा उत्तरपुस्तिकाको छाँयाप्रति लगायत परीक्षा सम्बन्धी प्रतिवेदन, कागजातहरु हेर्न पाइने छैन ।

(क) परीक्षाफल रद्द भएको वा स्थगित भएको अवस्थामा,

(ख) परीक्षार्थीले खराव आचरण गरि निलम्बीत वा  निष्काशित भएमा वा कुनै तवरले सम्बन्धीत विषयको परीक्षाको सम्बन्धमा कारवाहीमा परेमा,

(ग) यस कार्यविधिको पालना नगरेमा वा कार्यविधि बमोजिम निवेदन पेश नगरेमा,

(घ) उत्तरपुस्तिकाको छाँयाप्रति एक पटक हेरी सकेको अवस्थामा,

(ङ) नियमावली बमोजिम पुनर्योगको लागि निवेदन नदिएमा ।

(च) परीक्षा उतिर्ण भएको अवस्थामा  ।

(छ) तत्काले भएको परीक्षा बाहेक अघिल्ला परीक्षाको उत्तरपुस्तिका हेर्न निवेदन दिएमा

**८. <u>उत्तरपुस्तीकाको छाँयाप्रति उपलव्ध गराउने सम्बन्धी बिषेश व्यवस्था</u>**

(क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि कुनै परीक्षार्थीले यस कार्यविधि बमोजिम उत्तरपुस्तीकाको छायाप्रति उपलव्ध गराई पाउ भनी परीक्षा विभागमा निवेदन दिन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम निवेदन प्राप्त भएमा दफा ३ बमोजिमको उपसमितिमा उक्त निवेदन पेश गरिनेछ ।

(ग) खण्ड (ख) बमोजिम पेश भएको निवेदनमा उल्लेखित उत्तरपुस्तीका उपलव्ध गराउनुपर्ने सम्बन्धमा उपसमितिमा छलफल गरी त्यस्तो उत्तरपुस्तीकाको प्रतिलिपी उपलव्ध गराउन परीक्षा विभागलाई जानकारी गराउनु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम जानकारी प्राप्त भएमा परीक्षा विभागले सम्बन्धीत विद्यार्थीलाई ७ दिनको समय दिई उत्तरपुस्तीकाको छांयाप्रति उपलव्ध गराउनु पर्नेछ ।

(ङ) परीक्षा विभागबाट खण्ड(घ) बमोजिम सूचना दिदा उपस्थित नहुने विद्याथीलाई उत्तरपुस्तीका उपलव्ध गराइने छैन ।

**९. <u>उत्तरपुस्तिकाको छांयाप्रति उपलव्ध नगराइने अवस्थाहरु</u>**

(१) देहायको अवस्थामा उत्तरपुस्तिकाको छांयाप्रति लगायत परीक्षा सम्बन्धी प्रतिवेदन, कागजातहरु उपलब्ध गराइने छैन ।

(क) सम्बन्धीत विद्यार्थीको परीक्षाफल रद्द भएको वा स्थगित भएको अवस्थामा,

(ख) परीक्षार्थीले खराव आचरण गरि निलम्बीत वा  निष्काशित भएमा वा कुनै तवरले सम्बन्धीत विषयको परीक्षाको सम्बन्धमा कारवाहीमा परेमा,

(ग) यस कार्यविधिको पालना नगरेमा वा कार्यविधि बमोजिम निवेदन पेश नगरेमा,

(घ) उत्तरपुस्तिकाको छाँयाप्रति एक पटक उपलब्ध गराइसकिएको भएमा

(ङ) नियमावली बमोजिम पुनर्योगको लागि निवेदन नदिएमा ।

(च) परीक्षा उतिर्ण भएको अवस्थामा ।

(छ) तत्कालै भएको परीक्षा बाहेक अघिल्ला परीक्षाको उत्तरपुस्तिका हेर्न निवेदन दिएमा

**१०.उत्तरपुस्तीकाको छांयाप्रति प्राप्त गर्ने परीक्षार्थीले पालना गर्नु पर्ने आचरण तथा शर्तहरु**

(क) दफा ६ मा उल्लेखित सम्पुर्ण सम्बन्धीत आचरणहरु पालना गर्नु पर्नेछ ।

(ख) उत्तरपुस्तीकाको छाँयाप्रति कुनै पनि व्यक्ति, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा कुनै पनि माध्यम वा सामाजिक संजाल मार्फत दिन वा जानकारी दिन वा सार्वजनिक गर्न हुदैन ।

**११.सजाय सम्बन्धी व्यवस्था**

(क) कुनै परीक्षार्थीले यस कार्यविधि बमोजिम पालना गर्नुपर्ने आचरण तथा शर्तहरु उल्लंघन गरेमा वा उत्तरपुस्तिकाको छाँयाप्रति हेरेपछि सो सम्बन्धी कुराहरु सार्वजनिक गरेमा त्यस्तो परीक्षार्थीलाई परीक्षा समितिको सिफारीशमा परिषदले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संचालन गरेको कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी बढीमा तिन बर्षकोलागि निलम्बन गर्न सक्नेछ ।

(ख) उत्तरपुस्तीकाको छाँयाप्रति प्राप्त गर्ने व्यक्तिले कुनै पनि व्यक्ति, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा कुनै पनि माध्यम वा सामाजिक संजाल मार्फत दिने वा जानकारी दिने वा सार्वजनिक गरेमा त्यस्तो परीक्षार्थीलाई परीक्षा समितिको सिफारीशमा परिषदले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संचालन गरेको कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी बढीमा पाच बर्षकोलागि निलम्बन गर्न सक्नेछ ।

**१२. दस्तुर सम्बन्धी ब्यबस्थाः**

(क) यस कार्यविधि बमोजिम परीक्षार्थीले उत्तरपुस्तिकाको छाँयाप्रति हेर्नको लागि प्रति बिषय रु. ५,०००।- (रु. पांच हजार मात्र) शुल्क बुझाउनु पर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम उत्तरपुस्तीकाको छाँयाप्रति प्राप्त गर्नको लागि प्रति बिषय रु ७,०००।- (रु. सात हजार मात्र) शुल्क बुझाउनु पर्नेछ ।

**१३.विविध**

(१) यस कार्यविधिमा उल्लेख भएको व्यवस्थाहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा परीक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

(२) यो कार्यविधि लागु हुनु भन्दा अगावै उत्तरपुस्तिका हेर्न वा उपलव्ध गराउनको लागि निवेदन दिने परीक्षार्थीहरुको हकमा परीक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१४.ब्याख्या गर्ने अधिकार**

यो कार्यविधिको व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार परिषद्लाई हुनेछ ।

अनुसुचि १

## उत्तरपुस्तिकाको छांयाप्रति हेर्न दिने वा प्राप्त गर्ने सम्बन्धी निवेदन फाराम

मिति :

श्री प्रमुखज्यू
परीक्षा विभाग
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोबाटो, ललितपुर ।

**पासपोर्ट साइजको**

**फोटो**

१. निवेदकको नाम : (देवनागरीमा) ..................................................................

२. आमा /बावुको नामः ....................................................................................

३. बाजेको नामः...........................................................................................

४. स्थायी ठेगाना :...........................................................................................

५. रजिस्ट्रेशन नं. :.........................................................................................

६. परीक्षा रोल नं. ..............................................................................................

७. तह : ...........................................................................................................

८. परीक्षा भएको महिना, साल...............................................................................

९. पूनर्योग गर्न दिएका बिषयहरुः

(क)..............................................................................................

(ख)..............................................................................................

(ग)..............................................................................................

(घ)..............................................................................................

(ङ)..............................................................................................

(च)..............................................................................................

(छ)..............................................................................................

(ज)..............................................................................................

१०.उत्तरपुस्तिकाको छांयाप्रति हेर्न वा प्राप्त गर्न चाहेका विषयहरुः

(क)..............................................................................................

(ख)..............................................................................................

(ग)..............................................................................................

(घ)..............................................................................................

(ङ)..............................................................................................

(च)..............................................................................................

(छ)..............................................................................................

(ज)..............................................................................................

११. सम्लग्न कागजात

(क) परीक्षा प्रबेशपत्रको सक्कल प्रति वा परीक्षा बिभागबाट जारी भएको प्रतिलिपी प्रबेशपत्र ।
(ख) नागरिकताको सक्कलै प्रमाणपत्र ।
(ग) कार्यविधि १२ मा तोकिएको शुल्क बुझाएको निस्सा ।

निवेदक
हस्ताक्षर
सम्पर्क नं.

अनुसुची २

कवुलियतनामा

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**परीक्षा बिभाग, सातदोबाटो, ललितपुर**

**<u>कबुलियतनामा</u>**

म................ले देहाय बमोजिमका शर्तहरुको बारेमा पूर्ण रुपमा जानकार भई यसमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नेछु ।

<u>उत्तरपुस्तिकाको छायाप्रति हेर्न दिने सम्बन्धी शर्तहरुः</u>

(क) उत्तरपुस्तिकाको छाँयाप्रति हेर्ने स्थानमा मोबाइल क्यामेरा, ल्यापटप लगायत कुनै पनि बिद्युतिय वा अन्य उपकरण, सामाग्री आदि लैजाने छैन ।

(ख) उत्तरपुस्तिकाको छाँयाप्रति हेर्न निवेदन दिएको बिषयको मात्र उत्तरपुस्तिकाको छाँयाप्रति हेर्नेछु ।

(ग) उत्तरपुस्तिकाको छाँयाप्रति मात्र हेर्नेछु र कुनै पनि तवरले उत्तरपुस्तिकाको छाँयाप्रति लैजानै छैन ।

(घ) उत्तरपुस्तिकाको पुनः परीक्षण गर्न माग गर्ने र परीक्षक र Scrutinizer को नाम हेर्न माग्ने वा सोध्ने कार्य गर्ने छैन ।

(ङ) उत्तरपुस्तिका छाँयाप्रतिमा प्रदान गरिएको अंकलाई सार्वजनिकरण गर्न वा अन्य परीक्षार्थीसंग तुलना गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा वा अन्य निकायमा उजुरी गर्ने छैन ।

उपरोक्तानुसारका शर्तहरु पालना गर्न म मन्जूर गर्दछु । साथै संस्थाबाट जारी गरिएको उत्तरपुस्तिका हेर्न दिने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम पालना गर्नुपर्ने आचरण तथा शर्तहरु उल्लंघन गरेमा वा उत्तरपुस्तिकाको छाँयाप्रति हेरेपछि सो सम्बन्धी कुराहरु सार्वजनिक गरेमा मलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संचालन गरेको कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी बढीमा तिन बर्षकोलागि निलम्बन गरेमा समेत मेरो मन्जुरी छ ।

परीक्षार्थीको नाम :

रोल नं. :

रजिष्ट्रेशन नं. :

तह :

बिषय :

मिति :

अनुसुची ३

कवुलियतनामा

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**परीक्षा बिभाग, सातदोबाटो, ललितपुर**

**कबुलियतनामा**

म................ले देहाय बमोजिमका शर्तहरुको बारेमा पूर्ण रुपमा जानकार भई यसमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नेछु ।

उत्तरपुस्तिकाको छाँयाप्रति प्राप्त गर्ने सम्बन्धी शर्तहरुः

(क) म आफुले निवेदन दिएको बिषयको मात्र उत्तरपुस्तिकाको छाँयाप्रति प्राप्त गर्नेछु ।

(ख) उत्तरपुस्तिकाको पुनः परीक्षण गर्न माग गर्ने र परीक्षक र Scrutinizer को नाम हेर्न माग्ने वा सोध्ने कार्य गर्ने छैन ।

(ग) उत्तरपुस्तिका छाँयाप्रतिमा प्रदान गरिएको अंकलाई सार्वजनिकरण गर्ने वा अन्य परीक्षार्थीसंग तुलना गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा वा अन्य निकायमा उजुरी गर्ने छैन ।

(घ) उत्तरपुस्तीकाको छायाप्रति कुनै पनि व्यक्ति, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा कुनै पनि माध्यम वा सामाजिक संजाल मार्फत दिने वा जानकारी दिने वा सार्वजनिक गर्ने छैन ।

उपरोक्तानुसारका शर्तहरु पालना गर्न म मन्जूर गर्दछु । साथै संस्थाबाट जारी गरिएको उत्तरपुस्तिका हेर्न दिने तथा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६ बमोजिम पालना गर्नुपर्ने आचरण तथा शर्तहरु उल्लंघन गरेमा वा उत्तरपुस्तिकाको छाँयाप्रति प्राप्त गरेपछि सो सम्बन्धी कुराहरु सार्वजनिक गरेमा मलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संचालन गरेको कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी बढीमा पांच बर्षकोलागि निलम्बन गरेमा समेत मेरो मन्जुरी छ ।

परीक्षार्थीको नाम :

रोल नं. :

रजिष्ट्रेशन नं. :

तह :

बिषय :

मिति :